# मिति २०७३/०८/०६ मा बसेको आ.व. ०७३/०७४ को ७ औं सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | जिल्लास्थित कार्यालय प्रमुख एवं आयोजना प्रमुखहरुले जिम्मेवारी पूर्वक काम गर्ने वातावरणको लागि निजहरुको हाजिरी विवरण नियमित रुपमा प्राप्त गर्ने व्यवस्था मिलाउने। अत्यावश्यक परिस्थितिमा बाहेक विभिन्न वहानामा बिदा बस्ने परिपाटीको अन्त्य गर्ने। बिशेष कारणले १५ (पन्ध्र) दिन भन्दा बढी बिदा बस्नु परेमा सेवा प्रवाह नरोकिने व्यवस्था गरेर मात्र बिदा स्वीकृत गर्ने /गराउने व्यवस्था मिलाउने। | सवै मन्त्रालय /निकाय | सम्बन्धित मन्त्रालय /निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| २. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिले तयार गरेको पुनर्निर्माण कार्ययोजनाको उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने। | सम्बन्धित मन्त्रालय /निकाय | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालय | निरन्तर |
| ३. | वैदेशिक सहयोग समावेश भएका सम्बन्धित मन्त्रालय/निकाय/आयोजनाहरुलेUnaudited Project Account तयार गरी मंसिर मसान्त सम्म महालेखा नियन्त्रकको कार्यालयमा पेश गर्ने र रित पूर्वक खर्च भएको सोधभर्ना लिन बाँकी रकम ७ (सात) दिन भित्र सोधभर्ना माग गर्ने। | सम्बन्धित मन्त्रालय /निकाय | महालेखा नियन्त्रकको कार्यालय | अर्थ मन्त्रालय | मंसिर मसान्त भित्र |
| ४. | नेपालको संविधान धारा ५३ अन्तर्गत तयार भएको मस्यौदा प्रतिवेदन उपर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग गरिएको राय/प्रतिकृया सम्बन्धित मन्त्रालय /निकायहरुले आ-आफ्नो मन्त्रालय/निकायसंग सम्बन्धित कुनै राय/प्रतिकृया भएमा ३ (तीन) दिन भित्र उपलब्ध गराउने। | सम्बन्धित मन्त्रालय /निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , शासकीय सुधार महाशाखा | तीन दिन भित्र |

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| ५. | प्रत्येक मन्त्रालय/निकायले आ-आफ्नो र मातहतका निकायको मौजुदासंगठन, जनशक्ति , भौतिक र वित्तीय स्थितिको विवरण(प्रतिष्ठान,समिति, विकास समिति , प्राधिकरण, आयोग लगायत) ७ (सात) दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन पुनःसंरचना शाखामा उपलब्ध गराउने। | सम्बन्धित मन्त्रालय /निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , शासकीय सुधार महाशाखा | सात दिन भित्र |
| ६. | चालु आ.व. को नीति तथा कार्यक्रम र बजेट एवं सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएको विशेष सम्बोधन तथा निर्देशनको कार्यप्रगति विवरण ७ (सात) दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय को योजना तथा अनुगमन शाखामा उपलब्ध गराउने। | सम्बन्धित मन्त्रालय /निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , सामाजिक विकास योजना तथा अनुगमन महाशाखा | सात दिन भित्र |